# सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड
## बत्तीसपुतली-९, काठमाडौं
## १६ औं वार्षिक साधारण सभा (आ.व.२०७९।०८०)को
## काम कारवाहीको विवरण (माईन्यूट)

**१. सभाको प्रारम्भ**

कम्पनीको संचालक समितिको मिति २०८०।१०।०३ गते बसेको बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम यस सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेडको १६औं वार्षिक साधारण सभा कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री रतन लाल तायलज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसि देहायका प्रस्तावहरु उपर छलफल गरि पारित गरियो ।

**२. सभाको स्थान, मिति र समय :**

**मिति** : २०८० साल माघ २६ गते शुक्रबार(०९,फेब्रुवरी २०२४)।

**समय** : बिहान १०:०० बजे प्रारम्भ भई ११:०० बजे सम्पन्न भयो ।

**स्थान** : होटल माला ईन,घोराही उपमहानगरपालिका वडा नं.१५, दाङ्ग

**३. सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम कम्पनीको १६औं वार्षिक साधारण सभाको सूचना मिति २०८० माघ ४ गते बिहीबार राष्ट्रिय दैनिक नागरिक र २०८० माघ ५ गते शुक्रवार राष्ट्रिय दैनिक कारोबारमा प्रकाशित गरिएको तथा साधारण सभाको सूचना तथा कम्पनीको वार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनीहरुले हेर्न मिल्ने गरी कम्पनीको वेबसाइटमा राखिएको कुरा सभामा जानकारी गराईयो ।

**४. छलफलको बिषय तथा प्रस्तावहरु :**

**(क) सामान्य प्रस्तावहरु**

१. आ.व. २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सहित अनुसूचीहरुउपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभुत शेयरधनी वा संचालक सम्बद्ध रहेको संस्था सँग तथा यसै संस्थासँग सम्बद्ध कम्पनीसँग गरेको कारोबार विवरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।
५. सर्वसाधारण शेयरधनी समुहबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद-२(दुई)को निर्वाचन गर्ने ।
६. प्रबन्ध सञ्चालक तथा अन्य संचालकहरुको सेवा सुविधा सम्बन्धमा छलफल गरी पारित गर्ने बारे ।



**(ख) बिशेष प्रस्तावहरु :**

१. कम्पनीको उद्देश्य थप (संशोधन) गर्ने ।
२. कम्पनीको प्रबन्धपत्रको दफा ४ को उपदफा १ मा संशोधन गर्ने ।
३. प्रबन्धपत्र संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।
४. कम्पनीको हालकायम रेहेको चुक्ता पूँजी र सञ्चित मुनाफा(फ्रिरिजर्भ) को जम्मा रकम भन्दा बढीको विभिन्न बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण रकम अनुमोदन गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

**५.उपस्थितिः**

**क. सञ्चालक समितिः**

१ श्री रतन लाल तायल - सञ्चालक अध्यक्ष
२. श्री निपेश तायल - प्रबन्ध सञ्चालक
३. श्री प्रकाश तायल - सञ्चालक
४. श्री चन्द्रकला कुमारी बोहरा - सञ्चालक

**ख. अन्य पदाधिकारी**

१ श्री भिम प्रशाद पाठक - महाप्रबन्धक
२ श्री कृष्ण प्रसाद पनेरु - कम्पनी सचिव
३. श्री सचिन्द्र ढुंगाना - प्रमुख कार्यकारी अधिकृत, एनआईएमबी क्यापिटल लि.
४. अधिवक्ता श्री कमल कुमार भारती - निर्वाचन अधिकृत
५. श्री सुभाष अर्याल - वरिष्ठ लेखा प्रबन्धक

ग. **शेयरधनीहरुः**

१ शेयरधनी तथा शेयरधनी संस्थाका प्रतिनिधिहरु स्वंयम उपस्थित : ७४ जना
२ प्रोक्सी मार्फत उपस्थित : ४ जना
३ जम्मा उपस्थिती : ७८ जना



**गणपूरक संख्या :**

यस साधारण सभामा निम्न बमोजिम शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

| विवरण | उपस्थिति | | कुल शेयर संख्याको प्रतिनिधित्व |
|---|---|---|---|
| | कुल शेयरधनी संख्या | शेयरधनी प्रतिनिधि | |
| शेयरधनीहरुको संख्या | ७०९,१९७ जना | ७८ जना | ५८.७२ प्रतिशत |
| शेयधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ३०,७५०,५०० | १८,०५५,४४७ | |

**सभाको बैधानिकता**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२), कम्पनीको नियमावलीको नियम १८ अनुसार बोलाईएको यस १६ औं वार्षिक साधारण सभामा कम्पनी ऐन २०६३ को दफा ७३, कम्पनीको नियमावलीको नियम २३ बमोजिम कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये तीन जना शेयरधनी स्वयम् वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित भएमा साधारण सभाको काम कारवाही शुरु हुने भन्ने प्रावधान बमोजिम १६ औं बार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरु स्वयम् र प्रतिनिधी( प्रोक्सी) समेतको संख्या ७८ जना भएको र कूल शेयरको ५८.७२ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६९ अनुसार यस सभा पूर्ण बैधानिकता भएको व्यहोरा कम्पनी सचिवले सभालाई जानकारी गराउनु भएको ।

कम्पनी सचिवले शेयरधनी महानुभावहरुलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नु भयो र तत्पश्चात उपस्थित सञ्चालकहरु, सञ्चालक निर्वाचनको लागि नियुक्त हुनु भएका निर्वाचन अधिकृत, महाप्रबन्धक, लगायतको परिचय गराउँदै आसन ग्रहण गराई सभाको कार्य अगाडी बढाउनु भयो ।

कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षले गर्ने जानकारी गराउँदै १६ औं बार्षिक साधारण सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष श्री रतन लाल तायलज्यूले गर्नुभयो ।

**आ.व. २०७९।०८० को वार्षिक प्रतिवेदनको प्रस्तुति :**

सभाका अध्यक्ष श्री रतन लाल तायलज्यूले औपचारिक रुपमा सभा शुरु भएको घोषणा गर्नु भयो र पूर्व निर्धारित छलफलको बिषय सुची अनुसार आ.व.२०७९।०८० को सञ्चालक समितिको प्रतिवेदन तथा प्रगति विवरण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

**वार्षिक प्रतिवेदन उपर छलफलको लागि आव्हान र सहभागि शेयरधनी महानुभावहरु :**

**क.** अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले कम्पनीको आ.व.२०७९।०८० को सञ्चालक समितिको प्रतिवेदन, २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०७९।०८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका सम्पूर्ण विषय माथि आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न, राय, सुझाव, टिप्पणी भए मौखिक तथा लिखित जानकारी गराउन



शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नु भयो । देहायका शेयरधनी महानुभावहरुले छलफलको क्रममा सहभागि भई प्रश्न तथा राय सुझावहरु व्यक्त गर्नु भयो ।

ख. **छलफलमा सहभागी शेयरधनीहरु महानुभावहरुको नामः**

१. केदार रजौरे

**१०. सभामा शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :**

शेयरधनी महानुभावहरुले आफ्नो कार्य व्यस्तताको बाबजुद कम्पनीको सञ्चालक समितिको तर्फबाट सभा समक्ष प्रस्तुत बार्षिक प्रतिवेदन, वित्तिय विवरण लगायतको कार्यसम्पादनको सूक्ष्म अध्ययन गरेर साधारणसभामा व्यक्त गर्नु भएको आ-आफ्नो धारणा, राय सुझावहरुका लागि प्रबन्ध संचालकज्यूले आभार व्यक्त गर्दै सभामा राखिएको जिज्ञासा तथा प्रश्नहरुको जवाफ दिनु भयो ।

**११. सभाको निर्णयहरु**

**(क) सामान्य प्रस्ताव**

**निर्णय नं १**

**१६औं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सञ्चालक समितिका तर्फबाट सञ्चालक अध्यक्ष श्री रतन लाल तायलज्यूले सभामा प्रस्तुत गर्नु भएको आ.व. २०७९।०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सर्वसम्मतिवाट पारित गरियो ।

**निर्णय नं २**

**लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०७९/०८० को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०७९/०८० को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण एवं तद् सम्वन्धि अनुसूचीहरु पारित गरियोस भनी सभा समक्ष प्रस्ताव पेश गरेकोमा सभाबाट वासलात लगायतका सम्पूर्ण वित्तिय विवरण एवं अनुसूचीहरु सर्वसम्मतिवाट पारित गरियो ।

**निर्णय नं ३**

**आ.व.२०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८०।०८१ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्त गरि निजको पारिश्रमिक निर्धारण गरियोस भनि सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले लेखापरीक्षक APM & Associates, Chartered Accountants काठमाण्डौंलाई आ.व.२०८०/०८१ को लागि लेखापरीक्षकमा नियुक्ति गर्ने र लेखापरीक्षण गरेवापत निजको पारिश्रमिक रु.१०,००,०००।(अक्षेरुपी दश लाख रुपैया मात्र) (कर बाहेक) निर्धारण गर्ने निर्णय सर्वसम्मतिवाट पारित गरियो ।



**निर्णय नं ४**

**कम्पनी ऐन, २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभुत शेयरधनी वा संचालक सम्बद्ध रहेको संस्था सँग तथा यसै संस्थासँग सम्बद्ध कम्पनीसँग गरेको कारोबार विवरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।**

कम्पनीको आधारभुत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेको संस्थासँग तथा यसै संस्थासँग सम्बद्ध अन्य कम्पनीसँग वा संस्थासँग गरेको आ.व. २०७९/८० को लेखापरिक्षण प्रतिवेदनसँग संलग्न वित्तीय विवरणको अनुसुची बमोजिमको कारोबारलाई अनुमोदन वा पारित गरियोस भनि प्रस्ताव गरेकोमा उक्त प्रस्तावलाई सर्वसम्मतिवाट अनुमोदन तथा पारित गरि आगामी दिनहरुमा समेत आवश्यकतानुसार कारोबार गर्न स्वीकृति दिने निर्णय सर्वसम्मतिवाट पारित गरियो ।

**निर्णय नं ५**

**सर्वसाधारण शेयरधनी समुहबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद-२(दुई)को निर्वाचन गर्ने ।**

यस कम्पनीको नियमावलीको नियम २७ बमोजिम आगामी ४ बर्षे कार्यकालको लागि सर्वसाधारण शेयरधनी समुहबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद -२ को निर्वाचन गर्नको लागि सञ्चालक समितिको मिति २०८०।१०।११ गते बसेको बैठकको निर्णय बमोजिम नियुक्त हुनु भएका निर्वाचन अधिकृत अधिवक्ता श्री कमल कुमार भारतीले कम्पनी ऐन, २०६३, यस कम्पनीको नियमावली तथा सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०८० बमोजिको प्रक्रिया पुरा गरि ***श्री रचना कुमारी ओझा-छातीवन -४, डोटी*** र ***श्री अंकित खड्का-चन्दननाथ न.पा.वडा नं. ७, जुम्ला*** सर्वसाधारण शेयरधनी समुहबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद-२ मा आगामी ४ बर्षको लागि निर्वाचित हुनु भएको निर्वाचन परिणाम आजको सभा समक्ष पेश गर्नु भएकोमा निर्वाचन अधिकृतको तर्फबाट पेश भएको निर्वाचन परिणामलाई अनुमोदन गरि सर्वसम्मतिबाट पारित गरियो ।

**निर्णय नं ६**

**प्रबन्ध संचालक तथा अन्य संचालकहरुको सेवा सुविधा सम्बन्धमा छलफल गरी अनुमोदन गर्ने बारे ।**

यस कम्पनीको नियमावलीको नियम ३२ बमोजिम प्रबन्ध सञ्चालक श्री निपेश तायललाई प्रदान गर्दै आएको देहाय बमोजिमको सुविधालाई अनुमोदन गरि सर्वसम्मतिबाट पारित गरियो ।

क. चालक सहितको गाडी सुबिधा
ख. लागत बिल बमोजिमको ईन्धन खर्च
ग. गाडी मर्मत, सम्भार खर्च
घ. गाडीको बिमा तथा गाडी कर खर्च
ङ. स्वेदश तथा विदेश भ्रमणमा बिल भरपाई बमोजिमको सम्पूर्ण खर्च



**ख. विशेष प्रस्तावहरु**

**निर्णय नं. १**

**१. कम्पनीको उद्देश्य थप (संशोधन) गर्ने सम्बन्धमा ।**

यस कम्पनीको प्रबन्ध पत्रको दफा ४ को उपदफा (१) मा रहेको कम्पनीको उद्देश्य (ध) पछि देहायको तिनमहले बमोजिमको उद्देश्य थप गर्ने प्रस्ताव पारित गरियोस भनि सभा समक्ष प्रस्ताव गरेकोमा उक्त प्रस्ताव सर्बसम्मतले पारित गरियो ।

| क.सं. | साविक व्यवस्था | हालको (संशोधित) व्यवस्था | संशोधन गर्नुको |
|---|---|---|---|
| | **४. कम्पनीको उद्देश्यः**<br>(१) यस कम्पनीको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछ :<br>(क) नेपाल सरकारकोनीती विपरीत नहुने गरी सिमेन्ट, क्लिङकर उत्पादन गर्ने र स्वदेशमा विक्री गर्ने तथा विदेशमा निर्यात गर्ने कार्य गर्ने ।<br>(ख) मुख्य कच्चा पदार्थ चुन ढुङ्गा स्वदेशमा खरिद गर्ने चुनढुङ्गाको खानी संचालन गर्ने , उत्खनन गर्ने ।<br>(ग) मुख्य कच्चा पदार्थ चुन ढुङ्गाको खानीको लागी नेपाल सरकारद्धारा आवहान गरिएको टेण्डरमा सहभागी भई खानी प्राप्त गर्ने र संचालन गर्ने ।<br>(घ) जिप्सन, अक्साईड , आइरन ओर र डष्ट, काईला , फ्लाइएश स्याल्याक जस्ता सहायक कच्चा पदार्थ तथा अन्य प्याकिङ्ग मेटेरियल स्वदेशमा खरिद गर्ने वा विदेशवाट आयात गर्ने ।<br>(ङ) उद्योगलाई चाहिने मेशिन उपकरणहरु तथा विद्युत्तिय उपकरणहरु , स्पेयर पार्टस , स्वदेशमा खरिद गर्ने तथा विदेश वाट आयात गर्ने ।<br>(च) चुनढुङ्गा खानी विभिन्न संघ-संस्था व्यक्तिसंग करार गरी संचालन गर्ने ।<br>(छ) कम्पनीवाट उत्पादीत सिमेन्ट सम्बन्धीत निकायसंग इजाजत लिनु पर्ने भए सो लिएर भारत तथा अन्य मुलुकमा निकासी गर्ने ।<br>(ज) लाइमस्टोन, कोइला, फलाम तथा अन्य खनिज जन्य खानीको खोजतलास गर्ने , उत्खनन गर्ने तथा संचालन गर्ने ।<br>(झ) जलविद्युत क्षेत्रमा र अन्य आधारभुत र खनिज जन्य उद्योग क्षेत्रमा यस लि. को आफनै वा अन्य कम्पनीको संयुक्त लगानी समावेश गराई कारोवर संचालन गर्ने ।<br>(ञ) कम्पनीले विभिन्न स्थानमा आफना विक्री डिपोहरु राखी उत्पादीत सिमेन्ट विक्री गर्ने र उत्पादीत सिमेन्ट विक्रीको लागी डिलर , सव-डिलर वा प्रतिनिधि नियुक्त गरी कार्य गर्ने ।<br>(ट) सिमेन्ट उत्पादन सम्बन्धी अध्ययन, अन्वेषण र अनुसन्धान कार्य गर्ने ।<br>(ठ) प्राकृतिक ग्यास तथा पेट्रोलियम पदार्थहरु : पेट्रोल, डिजेल, मोबिल, मट्टीतेल समेत आयात गरि बिक्रि वितरण गर्ने गराउने तथा पेट्रोलपम्प सञ्चालन गरि पेट्रोलियम पदार्थ नेपालभरी बिक्री वितरण गर्ने, गराउने ।<br>(ड) भारत, चिन तथा तेश्रो मुलुकको खाडी राष्ट्रबाट कच्चा ग्यास तथा पेट्रोलियम पदार्थहरु आयात गरि सो पेट्रोलियम पदार्थ रिफाइन गरि स्थानीय बजारमा बिक्री वितरण गर्ने, गराउने ।<br>(ढ) भारत, चिन तथा तेश्रो मुलुकबाट प्रशोधित पेट्रोलियम पदार्थहरु : पेट्रोल, डिजेल, मोबिल, मट्टीतेल समेत आयात गरि बिक्री वितरण गर्ने, गराउने ।<br>(ण) ग्यास तथा पेट्रोलियम पदार्थ सम्बन्धी अन्य कार्य गर्ने ।<br>(त) कम्पनीलाई आवश्यक पर्ने यन्त्र, उपकरकण, मेशिन, औजार आयात गर्ने ।<br>(थ) कम्पनीलाई आवश्यक पर्ने जग्गा खरिद/बिक्री गर्ने ।<br>द) माथि उल्लेखित कार्य गर्दा गराउँदा स्वदेशी प्राबिधिकबाट गर्ने गराउने । स्वदेशी जनशक्तिबाट उपरोक्त कार्य पूर्ण नभएमा सम्बन्धित निकायको स्वीकृतिमा विदेशी जनशक्ति वा प्राविधिकबाट समेत उपरोक्त कार्य गर्ने गराउने ।<br>(ध) कम्पनीबाट समान उद्धेश्य भएका कुनै पनि कम्पनीसँग Joint Venture गरी उपरोक्त कार्य गर्ने गराउने । | **४. कम्पनीको उद्देश्यः**<br>(१) यस कम्पनीको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछ :<br>उपदफा (ध) पछि देहायका उपदफा (उद्देश्य) थप गरिएको छ ।<br>(न)सम्बन्धित निकायको स्वीकृती लिई Wall Putty,Water Proofing Solutions, Ad Mixture Solutions, Accelerator, Oxygen Production, Tile Adhesive, रंग, प्राईमर, प्लाष्टिक ट्यांक, पाईप, गिटी, रोडा, बालुवाको उत्पादन तथा बिक्री वितरण गर्ने गराउने । | कम्पनी सञ्चालनको क्रममा कम्पनीको उद्देश्य थप गर्न आवश्यक भएकोले |





**निर्णय नं. २**

**कम्पनीको प्रबन्धपत्रको दफा ४ को उपदफा (१) मा संशोधन गर्ने ।**

उपरोक्त निर्णय नं. १ बमोजिम कम्पनीको उद्देश्य थप गर्ने निर्णय पारित भएकोले सो बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ४ को उपदफा (१) मा निर्णय नं. १ को तिनमहले बमोजिमको संशोधन गर्ने प्रस्ताव पारित गरियोस भन्ने प्रस्ताव सभा समक्ष पेश भएकोमा उक्त प्रस्ताव सर्वसम्मतले पारित गरियो ।

**निर्णय नं. ३**

**प्रबन्धपत्र संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।**

प्रबन्धपत्र संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय पारित गरियोस भनि सभा समक्ष प्रस्ताव गरेकोमा सो प्रस्ताव सर्बसम्मतले पारित गरियो ।

**निर्णय नं. ४**

**कम्पनीको हाल कायम रेहेको चुक्ता पूँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ)को जम्मा रकम भन्दा बढीको विभिन्न बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण रकम अनुमोदन गर्ने सम्बन्धमा ।**

यस कम्पनीले विभिन्न बैक तथा वित्तिय संस्थाबाट लिएको कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्दा बढी ऋण रकम (आ.व. ०७९।०८० को लेखा परिक्षण प्रतिवेदनसँग संलग्न वित्तीय विवरणको अनुसूचीमा उल्लेख भए बमोजिम) को अनुमोदन तथा कम्पनी संचालनको क्रममा कम्पनीलाई थप ऋण लिन आवश्यक परे सोको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस भनि सभा समक्ष पेश भएकोमा सो प्रस्ताव सर्बसम्मतले पारित गरियो ।

**(ग) विविध**

(१) कम्पनीको सञ्चालक समितिको मिति २०८०।१०।२५ गते बसेको बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम श्री दिपक थापा-का.जि.का.म.न.पा. वडा नं. १० लाई आगामी कार्यकालको लागि स्वतन्त्र/बिशेषज्ञ सञ्चालक पदमा नियक्त गरि यस १६औं बार्षिक साधारण सभाबाट अनुमोदन गर्नको लागि सभा समक्ष प्रस्ताव गरेकोमा सर्वसम्मतिबाट श्री दिपक थापालाई स्वतन्त्र/बिशेषज्ञ सञ्चालक पदमा गरेको नियुक्तीको निर्णयलाई अनुमोदन सहित पारित गरियो ।

(२) कम्पनीको सञ्चालक समितिको मिति २०८०।१०।२५ गते बसेको बैठकको निर्णय अनुसार यस कम्पनीको शेयरधनी संस्था ए.एन.माईनिङ्ग प्रा.लि.ले उक्त कम्पनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने गरि श्री भीम प्रसाद पाठकलाई मनोनयन गरि पठाएकोमा निजको सट्टा श्री चन्द्रकला कुमारी बोहरा, गेटा -७, कैलाली लाई सञ्चालक पदमा मनोनयन गरि पठाएकोले बाँकी अबधिको लागि श्री चन्द्रकला कुमारी बोहरालाई सञ्चालक पदमा नियक्त गरि यस १६औ बार्षिक साधारण सभाबाट अनुमोदन गर्नको लागि सभा समक्ष प्रस्ताव गरेकोमा सर्वसम्मतिबाट श्री चन्द्रकला कुमारी बोहरालाई सञ्चालक पदमा गरेको नियुक्तीको निर्णयलाई अनुमोदन सहित पारित गरियो ।



**१२ सभा विसर्जन :**

अन्त्यमा सभाका सभापति श्री रतन लाल तायलज्यूले सञ्चालक समितिको मिति २०८०।१०।०३ गतेको निर्णय बमोजिम आज बोलाईएको आ.व. ०७९।०८० को १६ औं बार्षिक साधारण सभामा छलफलका लागि प्रस्तावित गरिएका सबै प्रस्तावहरु पारित गर्न सहयोग पुर्याउनु हुने सबै सञ्चालक, शेयरधनी महानुभावहरु लगायत सबैलाई धन्यवाद दिदै नव निर्वाचित सञ्चालकहरुलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै १६ औं वार्षिक सधारण सभाको कार्यक्रम ११.०० बजे बिसर्जन भएको घोषणा गर्नु भयो ।

**प्रमाणित गर्ने :**

.................................. ......................................

**( प्रबन्ध सञ्चालक)** **(सभाका सभापति, अध्यक्ष)**

**मिति** : २०८०।१०।२६